आज मिति २०८१।१०।०६ गते आइतबारका दिन यस चौदण्डीगढी नगरपालिकाका नगर प्रमुख श्री कालुमान लामाज्यूको अध्यक्षतामा यस नगरपालिका नगर कार्यपालिकाको आ. व. २०८१/०८२ को सातौं बैठक तपशिलका पदाधिकारीज्यूहरुको उपस्थितिमा बसियो ।

तपसिल :-

| क्र.स. | नाम थर | पद | सम्पर्क मो. नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री कालुमान लामा | नगर प्रमुख | ९८५२८३५१६६ | |
| २ | श्री मणिका देवि दुलाल | नगर उपप्रमुख | ९८५२८३५५२८ | |
| ३ | श्री जित बहादुर श्रेष्ठ | प्रमुख प्रशासकीय अधिकृत | ९८५२८४४०४७ | |
| ४ | श्री सिताराम राई | अध्यक्ष वडा नं. १ | ९८५१२०८३१३ | |
| ५ | श्री हरि बहादुर खड्का | अध्यक्ष वडा नं. २ | ९८४२९२७५४७ | |
| ६ | श्री पर्शुराम राई | अध्यक्ष वडा नं. ३ | ९८१४७३४८५५ | |
| ७ | श्री लुङ्गाराज राई | अध्यक्ष वडा नं. ४ | ९८१०५७९२२९ | |
| ८ | श्री तुलसिराम ढकाल | अध्यक्ष वडा नं. ५ | ९८४१५१८५८०<br>९८५२८४४००८ | |
| ९ | श्री अम्बर बहादुर खड्का | अध्यक्ष वडा नं. ६ | ९८०६१५५८७७९ | |
| १० | श्री केशव अधिकारी | अध्यक्ष वडा नं. ७ | ९८६२८४४६६६ | |
| ११ | श्री भगनाथ कुमार मगर | अध्यक्ष वडा नं. ८ | ९८४०९२८६०७ | |
| १२ | श्री प्रकाश राउत | अध्यक्ष वडा नं. ९ | ९८५२८३५२०८ | |
| १३ | श्री धर्मेन्द्र कुमार खडका | अध्यक्ष वडा नं. १० | ९८१६७०७०५१<br>९८६३८२८०४९ | |
| १४ | श्री उदयराज भुजेल | नगर कार्यपालिका सदस्य | ९८४२८३१८९२ | |
| १५ | श्री जय कुमार राई | नगर कार्यपालिका सदस्य | ९८१५७१४७१५ | |
| १६ | श्री माधव सार्की | नगर कार्यपालिका सदस्य | ९८२६७००३२८ | |
| १७ | श्री तिलावती राई | नगर कार्यपालिका सदस्य | ९८४३४६६२७५ | |
| १८ | श्री सुस्मा राई | नगर कार्यपालिका सदस्य | ९८६२९१८६९९ | |
| १९ | श्री स्मृति तोलाङ्गी सुयल | नगर कार्यपालिका सदस्य | ९८०५९९७७३३ | |
| २० | श्री जानकी देवी चौधरी | नगर कार्यपालिका सदस्य | ९८१५७००९०३ | |
| २१ | श्री शान्ति देवी चौधरी | नगर कार्यपालिका सदस्य | ९८१९९१००३८ | |

आमन्त्रीत उपस्थिति :-

१. श्री मोहन कुमार राई - सूचना अधिकारी - ९८५२८४४०७३

CS CamScanner

प्रस्तावहरुः-

१) स्थायी कार्यालय दर्ताको लागि प्रदेश किताबखानामा पठाउने सम्बन्धमा ।

२) स्थायी पद दर्ताका लागि प्रदेश किताबखानामा पठाउने सम्बन्धमा ।

३) स्थायी पद तथा दरबन्दी अनुसारका कर्मचारीहरुले पाउने सेवा सुविधा पालिकाबाट नै भुक्तानी गर्ने सम्बन्धमा ।

४) विद्यालयको जस्तापाता चुहिने भएकोले जस्तापाता माग सम्बन्धमा ।

५) श्री शारदा मा. वि. कटहरेको माग सम्बन्धमा ।

६) विपत पिडित ( आगलागी र भुकम्प पिडित) आर्थिक सहायता माग सम्बन्धमा ।

७) मगर भुम्यास्थान निर्माण, व्यवस्थापन तथा संचालन समितिको माग सम्बन्धमा ।

८) नदीजन्य पर्दार्थ निकासी ठेक्का सम्झौता सम्बन्धमा ।

९) नम्बरी/ निजि / ऐलानी जग्गाहरुको वातावरणीय अध्ययन प्रतिवेदन (IEE) स्वीकृत गर्ने सम्बन्धमा ।

१०) मासुका लागि पाडा प्रबर्द्धन कार्यक्रम सम्बन्धमा ।

११) सिप विकास तालिम तथा न्युनतम रोजगारीमा संलग्न गराउने सम्बन्धमा ।

१२) परिक्षा सम्बन्धी कार्यविधि स्वीकृत सम्बन्धमा ।

१३) विविध

क) चौ. न. पा. २ चित्रे चप्लेटी देवीस्थान खानेपानी मर्मत तथा सरसफाई समितिको माग सम्बन्धमा ।

ख) हडिया स्वास्थ्य शिविर सञ्चालन खर्च भुक्तानी सम्बन्धमा ।

ग) शान्तिनगर फुटसल एण्ड स्पोट्स सेन्टर शान्तिनगरको माग सम्बन्धमा ।

घ) आर्थिक सहायता सम्बन्धमा ।

ङ) सुर्योदय प्रतिष्ठान नेपालको माग सम्बन्धमा ।

च) चौ. न. पा. वडा नं. ५ मा झोलुङ्गे पुल माग सम्बन्धमा ।

छ) सवै वडामा सडक स्तरोन्नती ( मेसिन उपकरण खरिद तथा भाडा, इन्धन तथा अन्य) रकम सम्बन्धमा ।

ज) डम्पिङ साईट निर्माण सम्बन्धमा ।

झ) बजार व्यबस्थापन सम्बन्धमा ।

ञ) चौ. न. पा. -१ बन्ठुवामा खानेपानी व्यब्स्थापन सम्बन्धमा ।

ट) जितिया पर्व सम्बन्धमा ।

ठ) पालो पहरामा खटिएका कर्मचारीलाई खाजा खर्च उपलब्ध गराउने सम्बन्धमा ।

ड) कर्मचारीहरुको तह बृद्दी सम्बन्धमा ।

ढ) आँखा शिविर कार्यक्रम सम्बन्धमा ।

ण) बाटो मर्मत सम्बन्धमा ।

त) नदी नियन्त्रण सम्बन्धमा ।

CamScanner

निर्णयहरुः

१) स्थायी कार्यालय दर्ताको लागि प्रदेश किताबखानामा पठाउने सम्बन्धमा।
मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, कोशी प्रदेश अन्तर्गत रहेको प्रदेश किताबखानामा स्थायी कार्यालय तथा स्थायी पद दर्ता गर्न उक्त कार्यालयको च. नं. १२३० मिति२०८०।११।१५ गते पत्राचार भएको र हाल सम्म यस नगरपालिका र नगरपालिका अन्तर्गत रहेका कार्यालयहरु दर्ता नभएको हुँदा **चौदण्डीगढी नगरपालिका नगर कार्यपालिकाको कार्यालय, बेल्टार** र यस अन्तर्गत रहेका वडा कार्यालयहरु, स्वास्थ्य कार्यालयहरु प्रदेश किताबखाना, विराटनगरमा स्थायी कार्यालय दर्ताको लागि पठाउने सर्व सम्मत निर्णय गरियो।

२) स्थायी पद दर्ताका लागि प्रदेश किताबखानामा पठाउने सम्बन्धमा।
मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, कोशी प्रदेश अन्तर्गत रहेको प्रदेश किताबखानामा स्थायी कार्यालय तथा स्थायी पद दर्ता गर्न उक्त कार्यालयको च. नं. १२३० मिति२०८०।११।१५ गते पत्राचार भएको र हाल सम्म यस नगरपालिका र नगरपालिका अन्तर्गत रहेका कार्यालयहरुमा रहेका पद दर्ता नभएको हुँदा चौदण्डीगढी नगरपालिकामा कर्मचारी संगठन तथा व्यबस्थापन सर्भेक्षण समिति गठन भई सो समितिले तयार पारेको चौदण्डीगढी नगरपालिका र यस अन्तर्गत रहेका वडा कार्यालयहरु, स्वास्थ्य कार्यालयहरुको लागि स्थायी कर्मचारी दरबन्दी पद दर्ताको लागि प्रदेश किताबखाना, विराटनगरमा पठाउने सर्व सम्मत निर्णय गरियो।

३) स्थायी पद तथा दरबन्दी अनुसारका कर्मचारीहरुले पाउने सेवा सुविधा पालिकाबाट नै भुक्तानी गर्ने सम्बन्धमा।
यस नगरपालिकाबाट स्थायी पद तथा दरबन्दी अनुसार प्रदेश किताबखाना, विराटनगरमा स्थायी पद दर्ताको लागि सिफारिस गरे बमोजिम कर्मचारीहरुले पाउने सेवा सुविधा स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ५७ (७) मा भएको व्यबस्था कार्यान्वयन नहुन्जेलसम्म सोही ऐनमा भएको व्यबस्था अनुसार पालिकाबाट नै भुक्तानी हुने प्रतिबद्दता साथ सर्वसम्मत निर्णय गरियो।

४) विद्यालयको जस्तापाता चुहिने भएकोले जस्तापाता माग सम्बन्धमा।
यस नगरपालिका अन्तर्गत विभिन्न वडामा रहेका तपशिलका विद्यालयका भवनमा टिनका छाना रहेका र पुरानो जिर्ण भएकोले बर्षादको समयमा चुहुने र कक्षा सञ्चालन गर्न समस्या रहेको हुँदा टिनको छाना फेर्नको लागि रंगिन जस्तापाता उपलब्ध गराउन माग भई आएको हुँदा नगरपालिकाका प्राविधिकबाट रंगिन जस्तापाता, काटी, कब्जा, हुक, मिस्त्री खर्च समेत लागत अनुमान भई आएको हुँदा तपशिल बमोजिम रंगिन जस्तापाता लगायतका आबश्यक सामान फेर्नको लागि रकम उपलब्द गराउने र उक्त कार्यको भुक्तानी नगरपालिकाबाट विनियोजित बजेट शिर्षक **सामुदायिक विद्यालयहरुमा टिनको छाना सुधार योजना** बाट गर्ने निर्णय सर्वसम्मत गरियो।

तपशिलः

| क्र. सं. | विद्यालयको नाम, ठेगाना | निर्णय रकम | कैफियत |
|---|---|---|---|
| १ | श्री सरस्वती माध्यामिक विद्यालय(१-१०) सावा, चौ. न. पा.-८ | २७००००।- | कार्यापालिकाको मिति २०८१।०८।२६ गतेको निर्णय नं. ३ कार्यान्वयन नगर्ने। |
| २ | श्री कौवेदेवी आधारभुत विद्यालय, झोरापाटा, चौ. न. पा. -२ | २४००००।- | |
| ३ | श्री शिव माश्यामिक विद्यालय(०-१०) सुन्दरपुर, चौ. न. पा. -५ | ८००००।- | |
| ४ | श्री आधारभुत विद्यालय( ECD-८) बेल्हा, चौ. न. पा. -५ | ११००००।- | |

५) श्री शारदा मा. वि. कटहरेको माग सम्बन्धमा।

चौ. न. पा. -१ स्थित श्री शारदा मा. वि. कटहरेको माग बमोजिम विद्यालयको भौतिक संरचना अन्तर्गत शौचालय दिवाखाजाको भान्साकोठा, विज्ञान प्रयोगशाला र पुस्तकालय कोठाको झ्याल ढोका चेनगेट लगायत अन्य संरचनाहरु मर्मत गर्न आवश्यक रहेकोले आर्थिक सहायता माग भई आएको हुँदा उक्त कार्य गर्नको लागि नगरपालिकाबाट विनियोजित बजेट शिर्षक **मर्मत संभार तथा भैपरी** बाट रु ५००००।- (पचास हजार) उपलब्ध गराउने निर्णय सर्वसम्मत गरियो।

६) विपत पिडित ( आगलागी र भुकम्प पिडित) आर्थिक सहायता माग सम्बन्धमा।

चौ. न. पा. ८ सिद्दीपुर सालघारीमा बिनोद राईको घरमा मिति २०८१।०९।०४ गते आगलागी भई घर पुर्ण रुपमा जलेको र घरमा रहेका लता कपडा भाडा कुडा समेत जलेको हुँदा आर्थिक सहयोग उपलब्ध गराउन सम्बन्धित वडा कार्यालयबाट सिफारिस समेत भई आएको साथै मिति २०८१।०९।२३ गते आएको भुकम्पले चौ. न. पा. २ मा तपशिलका व्यक्तीहरुको घरमा क्षती पुर्याएको भनी प्रहरी सर्जमिन मुचुल्का सहित सम्बन्धित वडा कार्यालयबाट सिफारिस भई आएको हुँदा विपत पिडितलाई तपशिल बमोजिमको रकम नगरपालिकाबाट विनियोजित बजेट शिर्षक **विपद व्यवस्थापन तथा विपद आर्थिक सहायता** बाट उपलब्ध गराउने निर्णय सर्वसम्मत गरियो।

तपशिलः

| क्र. सं | विपद पिडितको नाम | विपद कारण | निर्णय रकम | कैफियत |
|---|---|---|---|---|
| १. | विनोद राई चौ. न. पा.-८ | आगलागी भई घरको पुर्ण क्षती | १,००,०००।- | |
| २. | सपना परियार चौ. न. पा.-२ | भुकम्पले घर चर्केको | १५,०००।- | |
| ३. | वंश बहादुर खड्का चौ. न. पा. -२ | भुकम्पले घर चर्केको | १५,०००।- | |

CamScanner

७) मगर भुम्यास्थान निर्माण, व्यवस्थापन तथा संचालन समितिको माग सम्बन्धमा ।

मगर भुम्यास्थान निर्माण, व्यवस्थापन तथा संचालन समिति चौदण्डडीगढी नगरपालिका-७ उदयपुरबाट २०८१ सालको माघे संग्राती मनाउन विभिन्न कार्यक्रमहरु गर्ने भएकोले कार्यक्रम प्रशताव सहित यस नगरपालिकामा आर्थिक सहायताको लागि माग गरेको हुँदा उक्त कार्य गर्नको लागि नगरपालिकाबाट विनियोजित बजेट शिर्षक **जातिय चाडपर्व धर्म संस्कृती संरक्षण कार्यक्रम** बाट रु. ७०,०००।– (सत्तरी हजार) उपलब्ध गराउने निर्णय सर्वसम्मत गरियो ।

८) नदीजन्य पर्दार्थ निकासी ठेक्का सम्झौता सम्बन्धमा ।

क) यस नगरपालिकाको आ.व.२०८१।०८२ को ठेक्का नं ०३।०८१।०८२ र ठेक्का नं ०४।०८१।०८२ ग्रावेल/ढुंगा तर्फको लागि मिति २०८१।०९।२८ गते ठेक्का सम्झौताको माग निवेदन पेश भई आएको बोलपत्रदाता श्री सिताराम कन्स्ट्रक्सन चौदण्डीगढी नगरपालिका-६, उदयपुरको बोलपत्र अधिकतम मूल्यांकित सारभूत प्रभावग्राही भई स्वीकृत भएको र बोलपत्रदातालाई सम्झौताका लागि तोकिएको १५ दिनको समयावधिभित्रउक्त ठेक्का नं.०३।२०८१।०८२ ग्रावेल/ढुंगा तर्फको कबोल अंक रु.२७,५१,५५०।- ( अक्षरुपी सत्ताइस लाख एकाउन्न हजार पाँचसय पचास मात्र ) र ठेक्का नं.०४।२०८१।०८२ ग्रावेल/ढुंगा तर्फको कबोल अंक रु.४७,२०,०००।- (अक्षरुपी सड्चालिस लाख बीस हजार मात्र) मू.अ.कर बाहेकको बोलपत्र स्वीकृतमा बोलपत्रदाताले दुवै ठेक्का कबोल अंक बराबरको रकममा कोशी प्रदेश सरकारको आर्थिक ऐन,२०८१ को अनुसूची ६ मा भएको व्यवस्था बमोजिम ठेक्का कबोल गरेको रकममा १० प्रतिशत रकम छुट लिई नगरपालिकाको स्थानीयतह विभाज्यकोष खातामा रकम बैंक दाखिला गरेको र सो ठेक्का कबोल गरेको अंक बराबरले हुने १३ प्रतिशत मू.अ.कर र १.५ प्रतिशत अग्रिम आय कर रकम समेत आन्तरिक राजश्व कार्यालयमा बैंक दाखिला गर्ने,गराउने गरी बोलपत्रदाता श्री सिताराम कन्स्ट्रक्सन चौदण्डीगढी नगरपालिका-६, उदयपुरकोठेक्का नं ०३।०८१।०८२ र ठेक्का नं ०४।०८१।०८२ ग्रावेल/ढुंगाको ठेक्का नियमानुसार ठेक्का सम्झौता गरी दिने निर्णय गरियो।

ख) बोलपत्रदाता श्री थानपोखरी कन्स्ट्रक्सन चौ.न.पा.-६ उदयपुरद्वारा ठेक्का नं.०१/०८१/८२ को सि.न.५ सिवाई/त्रियुगाखोला दोभान वडा नं ५ बालुवाको बोलपत्रदाताको ठेक्का कबोल अंकमा न्यूनतम कबोल अंक रु.९,८३,०३०।-(अक्षरुपी नौ लाख त्रियासी हजार तिस रुपैयाँ मात्र) मू.अ.कर बाहेकको रकम रहेकोमा कोशी प्रदेश सरकारको आर्थिक ऐन,२०८१ को अनुसूची ६ मा भएको व्यवस्था बमोजिम प्रथम किस्तावापत ४० प्रतिशतले हुने रकम रु.३,९३,२१२।१६।- ( अक्षरुपी तिन लाख त्रियानव्वे हजार दुईसय बाह्र रुपैया, सोह्र पैसा मात्र) र सो रकमको १३ प्रतिशतले हुने मूल्य अभिवृद्धी कर रकम समेत आन्तरिक राजश्व कार्यालयमा जम्मा भएको बैंक दाखिला भौचर मिति २०८१।१०।०३ गते माग निवेदन साथ प्राप्त भएको र दोस्रो,तेस्रो किस्ता वापतको ६० प्रतिशत रकमको हकमा श्री राष्ट्रिय वाणिज्य बैंक लि. शाखा कार्यालय, उदयपर बेल्टारको मिति २०८१।१०।०४ गते जारी भएको performance Bond Gurantee No.p25237000002बाट रु.५,८९,८१८। (अक्षरुपी रुपैया पाँच लाख उन्नानव्वे हजार

आठ सय अठार मात्र) मिति २०८२।०३।१५ गतेसम्म म्याद रहेको कार्य सम्पादन जमानी पत्र र रकम रु.३,९३,२१२।१६।- ( अक्षरुपी तिन लाख त्रियानव्वे हजार दुईसय बाह्र रुपैंया, सोह्र पैसा मात्र) को बैंक दाखिला भौचर समेत पेश गरी आएको हुँदा सो ठेक्का कबोल अंक बराबरको बुझाउन बाँकी रकम रु.५,८९,८१८। (अक्षरुपी रुपैया पाँच लाख उन्नानब्बे हजार आठ सय अठार मात्र) बुझाउने गरी माथि उल्लेखित भएको ठेक्का कबोल अंकको दोस्रो र तेस्रो दुबै किस्ता बापतको रकम पालिकाको स्थानीय तह विभाज्यकोष खातामा जम्मा गर्न र कबोल अंकको १३ प्रतिशतले हुने मू.अ.कर रकम र १.५ प्रतिशत अग्रिम आय कर रकम आन्तरिक राजश्व कार्यालयमा बुझाई कर दाखिला भौचर र पत्र समेत बुझाउने गरी नियमानुसार ठेक्का सम्झौता गरिदिने भनि निर्णय गरियो.।

ग) बोलपत्रदाता श्री शिव ओम निर्माण सेवा त्रि.न.पा.-२ उदयपुरद्वारा ठेक्का नं.०१/०८१/८२ को सि.न.४ हडिया/त्रियुगाखोला दोभान वडा नं ४ बालुवाको बोलपत्रदाताको ठेक्का कबोल अंक रु.६,६०,०००। को मू.अ.कर बाहेकको रकममा कोशी प्रदेश सरकारको आर्थिक ऐन,२०८१ को अनुसूची - ६ मा भएको व्यवस्था बमोजिम प्रथम किस्ताबापत ४० प्रतिशतले हुने रकम रु.२,६४०००।२१।- ( अक्षरुपी दुई लाख चौसट्ठी हजार एक्काइस पैसा मात्र) र सो रकमको १३ प्रतिशतले हुने मूल्य अभिवृद्धी कर रकम समेत आन्तरिक राजश्व कार्यालयमा जम्मा भएको बैंक दाखिला भौचर प्राप्त भएको र दोस्रो,तेस्रो किस्ता बापतको ६० प्रतिशत रकमको हकमा श्री ग्लोबल आइ.एम.ई. बैंक लि. शाखा कार्यालय, गाईघाट, उदयपुरको मिति २०८१।१०।०४ गते जारी भएको performance Bond Gurantee No.PB2225NPR00234बाट रु.४,००,०००। (अक्षरुपी रुपैया चार लाख मात्र) मिति २०८२।०३।१५ गतेसम्म म्याद रहेको कार्य सम्पादन जमानी पत्र र रकम रु.२,६४०००।२१।- (अक्षरुपी दुई लाख चौसट्ठी हजार एक्काइस पैसा मात्र) को बैंक दाखिला भौचर समेत पेश गरी आएको हुँदा सो ठेक्का कबोल अंक बराबरको बुझाउन बाँकी रकम रु.४,००,०००। (अक्षरुपी रुपैया चार लाख मात्र) बुझाउने गरी माथि उल्लेखित भएको ठेक्का कबोल अंकको दोस्रो र तेस्रो दुबै किस्ता बापतको रकम पालिकाको स्थानीय तह विभाज्यकोष खातामा जम्मा गर्न र कबोल अंकको १३ प्रतिशतले हुने मू.अ.कर र १.५ प्रतिशत अग्रिम आय कर रकम आन्तरिक राजश्व कार्यालयमा बुझाई कर दाखिला भौचर र पत्र समेत बुझाउने गरी माथि उल्लेखित भएको ठेक्का कबोल अंकको दोस्रो र तेस्रो दुबै किस्ता बापतको रकम पालिकाको स्थानीय तह विभाज्यकोष खातामा जम्मा गर्न र कबोल अंकको १३ प्रतिशतले हुने मू.अ.कर रकम र १.५ प्रतिशत अग्रिम आय कर रकम आन्तरिक राजश्व कार्यालयमा बुझाई कर दाखिला भौचर र पत्र समेत बुझाउने गरी नियमानुसार ठेक्का सम्झौता गरिदिने भनि निर्णय गरियो ।

९) नम्बरी/ निजि / ऐलानी जग्गाहरुको वातावरणीय अध्ययन प्रतिवेदन (IEE) स्वीकृत गर्ने सम्बन्धमा।

श्री इम्यजिनेटिभ इन्जिनियरिंग सोलुसन प्रा.लि. बेलाका- ५लेतयार पारेको चौदण्डीगढी नगरपालिका क्षेत्रभित्र रहेको नम्बरीजग्गा धनिहरुकोबिबरणस्थानीय सरकार संचालन ऐनको दफा ६२ रवातावरण संरक्षण नियमावली २०७७ को दफा ५ को उपदफा १ र यस नगरपालिकाको कार्यविधि, २०७७ बमोजिमको खण्ड ख अन्तर्गत पर्ने अनुसूची -७ मा आधारित पेस हुन् आएको वातावरणीय अध्ययन प्रतिबेदन(Initial Environmental Examination) (IEE) स्वीकृतगर्ने निर्णय गरियो ।

तपसिल :

**तालिका १ : प्रस्तावित जग्गाहरुको वातावरणीय अध्ययन प्रतिबेदन विवरण**

**थानपोखरी कन्स्ट्रक्सन**

तालिका १.१ : उत्खनन्/संकलन गरिने परिमाणको आंकलन तथा विवरण

१. प्रस्तावकको नाम :थानपोखरी कन्स्ट्रक्सन

| क्र.स | वडा नंम्बर | जग्गाधनीको नाम | निस्सा नंम्बर | IEE गरिने जमिनको क्षेत्रफल | ज.रो/ ज.बि | उत्खनन् गरिने जमिनकोक्षेत्रफल – कुल जमिनको ८0%(मि²) | औसत गहिराई (मि) | मौजुदा परिमाण/वर्ष (घ.मि) | उत्खनन हुने निर्माण सामाग्री | उत्खनन्/सङ्कलन आयतन – कुल आयतनको ७०% (घ.मि.) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ६ | दुर्गा नारायण श्रेष्ठ | ८/ङ ७५ ७६ ४२७ | ०-१०-० | ज.बि. | २७०९.०४ | १.१० | २९७९.९४ | ग्राभेल | २०८५.९६ |
| निर्माण सामाग्रीहरुको उत्खनन् गर्न सकिने वार्षिक परिमाण( क्यू.मि.) | | | | | | | | | | २०८५.९६ |
| जम्मा उत्खनन् सिफारिस गरिएको ढुंगाको परिणाम ( क्यू.मि. ) | | | | | | | | | | - |
| जम्मा उत्खनन् सिफारिस गरिएको ग्राभेलको परिणाम ( क्यू.मि. ) | | | | | | | | | | २०८५.९६ |
| जम्मा उत्खनन् सिफारिस गरिएको बालुवाको परिणाम ( क्यू.मि. ) | | | | | | | | | | - |
| दैनिक उत्खनन् गर्न सकिने परिमाण ( वार्षिक परिमाण / २७५ दिन ) | | | | | | | | | | ७.५९ |
| निर्माण सामाग्रीहरुको उत्खनन् गर्न सकिने वार्षिक परिमाण( क्यू.फि.) | | | | | | | | | | ७३६६५.०१ |

प्रस्तावित क्षेत्रमा विस्तृत अध्ययन गर्दा माथि उल्लेखित स्थानहरुबाटं उत्खनन् गर्न सकिने वार्षिक परिमाण २०८५.९६ घनमिटर रहेको छ भने दैनिक उत्खनन् गर्न सकिने परिमाण ७.५९ घनमिटर रहेको छ ।

२.७उत्खनन् /संकलन गरिने परिमाणको प्राप्त हुने राजश्व

प्रस्तावित स्थानहरुबाट उत्खनन् गर्न सकिने वार्षिक परिमाण २०८५.९६ घनमिटर ग्राभेलकोचौदण्डीगढी नगरपालिकाले राजश्व लिनेछ ।माथि उल्लेखित परिणामको आधारमा नगरपालिकालेकानुन बमोजिम प्राप्त गर्ने राजश्वको आंकलन गरिनेछ।

तालिका १.२ : उत्खनन्/संकलन गरिने परिमाणको आंकलन तथा विवरण

२. **प्रस्तावकको नाम** :चौदण्डीगढी निर्माण कम्पनी प्रा. लि.

| क्र.स | वडा नंम्बर | जग्गाधनीको नाम | कित्ता नंम्बर | IEE गरिने जमिनको क्षेत्रफल | ज.रो/ ज.बि | IEE गरिने जमिनको क्षेत्रफल (मि²) | उत्खनन् गरिने जमिनकोक्षेत्रफल – कुल जमिनको ५0%(मि²) | औसत गहिराई (मि) | मौजुदा परिमाण/वर्ष (घ.मि.) | उत्खनन्/सङ्कलन आयतन – कुल आयतनको ६०% (घ.मि.) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ४ | पिचु माया राई | २/ख ४९ | ०.५०८५-०-० | (ज.बि.) | ३४४३.८८ | १७२१.९४ | १.१० | १८९४.१४ | ११३६.४८ |
| निर्माण सामाग्रीहरुको उत्खनन् गर्न सकिने वार्षिक परिमाण( क्यू.मि.) | | | | | | | | | | ११३६.४८ |
| जम्मा उत्खनन् सिफारिस गरिएको ग्राभेलकोपरिणाम ( क्यू.मि. ) | | | | | | | | | | ११३६.४८ |
| जम्मा उत्खनन् सिफारिस गरिएको ढुंगाको परिणाम ( क्यू.मि. ) | | | | | | | | | | - |
| जम्मा उत्खनन् सिफारिस गरिएको बालुवाको परिणाम ( क्यू.मि. ) | | | | | | | | | | - |
| दैनिक उत्खनन् गर्न सकिने परिमाण ( वार्षिक परिमाण / २७५ दिन ) | | | | | | | | | | ४.१३ |
| निर्माण सामाग्रीहरुको उत्खनन् गर्न सकिने वार्षिक परिमाण( क्यू.फि.) | | | | | | | | | | ४०१३४.४५ |

| क्र.स | वडा नंम्बर | जग्गाधनीको नाम | कित्ता नंम्बर | जम्मा उत्खनन्/सङ्कलन गरी राजश्व लाग्ने कुल आयतन ( घ.मि. ) | उत्खनन हुने निर्माण सामाग्री | उत्खनन्/सङ्कलन आयतन ( खण्ड क ) | उत्खनन्/सङ्कलन आयतन ( खण्ड ख ) | उत्खनन्/सङ्कलन आयतन ( खण्ड ग ) |
|---|---|---|---|---|---|---|---|---|
| १ | ४ | पिचु माया राई | २/ख ४९ | ११३६.४८ | ग्राभेल | ३७८.८३ | ३७८.८३ | ३७८.८३ |

प्रस्तावित क्षेत्रमा विस्तृत अध्ययन गर्दा माथि उल्लेखित स्थानहरुबाट उत्खनन् गर्न सकिने वार्षिक परिमाण ११३६.४८ घनमिटर रहेको छ भने दैनिक उत्खनन् गर्न सकिने परिमाण ४.१३ घनमिटर रहेको छ ।

२.७. उत्खनन् /संकलन गरिने परिमाणको प्राप्त हुने राजश्व

प्रस्तावित स्थानहरुबाट उत्खनन् गर्न सकिने वार्षिक परिमाण ११३६.४८ धनमिटर ग्राभेलकोचौदण्डीगढी नगरपालिकाले राजश्व लिनेछ ।माथि उल्लेखित परिणामको आधारमा नगरपालिकालेकानुन बमोजिम  प्राप्त गर्ने राजश्वको आंकलन गरिनेछ।

तालिका १.३ : उत्खनन्/संकलन गरिने परिमाणको आंकलन तथा विवरण

३. प्रस्तावकको नाम : कृष्ण निर्माण सेवा

| क्र. स | वडा नंम्बर | जग्गाधनीको नाम | कित्ता नंम्बर | IEE गरिने जमिनको क्षेत्रफल | ज.रो/ ज.बि | उत्खनन् गरिने जमिनकोक्षेत्रफल – कुल जमिनको ८०%(मिं) | औसत गहिराई ( मि ) | मौजुदा परिमाण/वर्ष ( घ.मि.) | उत्खनन हुने निर्माण सामाग्री | उत्खनन्/सङ्कलन आयतन – कुल आयतनको ५०% ( घ.मि. ) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ५ | रामरूप चौधरी | ८/छ ८३ | ०-१६-६ | ज.बि. | ४३३४.४६ | १.१० | ४७६७.९१ | ग्राभेल | २३८३.९६ |
| निर्माण सामाग्रीहरुको उत्खनन् गर्न सकिने वार्षिक परिमाण( क्यू.मि.) | | | | | | | | | | २३८३.९६ |
| जम्मा उत्खनन् सिफारिस गरिएको ढुंगाको परिणाम ( क्यू.मि. ) | | | | | | | | | | - |
| जम्मा उत्खनन् सिफारिस गरिएको ग्राभेलको परिणाम ( क्यू.मि. ) | | | | | | | | | | २३८३.९६ |
| जम्मा उत्खनन् सिफारिस गरिएको बालुवाको परिणाम ( क्यू.मि. ) | | | | | | | | | | - |
| दैनिक उत्खनन् गर्न सकिने परिमाण ( वार्षिक परिमाण / २७५ दिन ) | | | | | | | | | | ८.६७ |
| निर्माण सामाग्रीहरुको उत्खनन् गर्न सकिने वार्षिक परिमाण( क्यू.फि.) | | | | | | | | | | ८४१८८.५८ |

प्रस्तावित क्षेत्रमा विस्तृत अध्ययन गर्दा माथि उल्लेखित स्थानहरुबाट उत्खनन् गर्न सकिने वार्षिक परिमाण २३८३.९६ घनमिटर रहेको छ भने दैनिक उत्खनन् गर्न सकिने परिमाण ८.६७ घनमिटर रहेको छ ।

२.७उत्खनन् /संकलन गरिने परिमाणको प्राप्त हुने राजश्व

प्रस्तावित स्थानहरुबाट उत्खनन् गर्न सकिने वार्षिक परिमाण २३८३.९६ घनमिटर ग्राभेलकोचौदण्डीगढी नगरपालिकाले राजश्व लिनेछ ।माथि उल्लेखित परिणामको आधारमा नगरपालिकालेकानुन बमोजिम  प्राप्त गर्ने राजश्वको आंकलन गरिनेछ।

तालिका १.४ : उत्खनन्/संकलन गरिने परिमाणको आंकलन तथा विवरण

४. प्रस्तावकको नाम :वि एण्ड वि निर्माण सेवा

| क्र .स | वडा नंम्बर | जग्गाधनीको नाम | निस्सा नंम्बर | IEE गरिने जमिनको क्षेत्रफल | ज.रो/ ज.बि | उत्खनन् गरिने जमिनकोक्षेत्रफल – कुल जमिनको ८०%(मिं) | औसत गहिराई ( मि ) | मौजुदा परिमाण/वर्ष ( घ.मि.) | उत्खनन हुने निर्माण सामाग्री | उत्खनन्/सङ्कलन आयतन – कुल आयतनको २५% ( घ.मि. ) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २ | हरि बहादुर कटुवाल | AB४१८९०४ | ०-१५-० | ज.बि. | ४०६३.५६ | १.२५ | ५०७९.४५ | ढुंगा | १२६९.८६ |
| २ | २ | विर बहादुर कटुवाल | AB २२६८१० | ०-१०-० | ज.बि. | २७०८.०४ | १.२५ | ३३८६.३० | ढुंगा | ८४६.५८ |
| निर्माण सामाग्रीहरुको उत्खनन् गर्न सकिने वार्षिक परिमाण( क्यू.मि.) | | | | | | | | | | २११६.४४ |
| जम्मा उत्खनन् सिफारिस गरिएको ढुंगाको परिणाम ( क्यू.मि. ) | | | | | | | | | | २११६.४४ |
| जम्मा उत्खनन् सिफारिस गरिएको ग्राभेलको परिणाम ( क्यू.मि. ) | | | | | | | | | | - |
| जम्मा उत्खनन् सिफारिस गरिएको बालुवाको परिणाम ( क्यू.मि. ) | | | | | | | | | | - |
| दैनिक उत्खनन् गर्न सकिने परिमाण ( वार्षिक परिमाण / २७५ दिन ) | | | | | | | | | | ७.७० |
| निर्माण सामाग्रीहरुको उत्खनन् गर्न सकिने वार्षिक परिमाण( क्यू.फि.) | | | | | | | | | | ७४६२१.७० |

प्रस्तावित क्षेत्रमा विस्तृत अध्ययन गर्दा माथि उल्लेखित स्थानहरुबाट उत्खनन् गर्न सकिने वार्षिक परिमाण २११६.४४ घनमिटर रहेको छ भने दैनिक उत्खनन् गर्न सकिने परिमाण ७.७० घनमिटर रहेको छ ।



CamScanner

२.७उत्खनन् /संकलन गरिने परिमाणको प्राप्त हुने राजश्व

प्रस्तावित स्थानहरुबाट उत्खनन् गर्न सकिने वार्षिक परिमाण २११६.४४ घनमिटर ढुङ्गाकोचौदण्डीगढी नगरपालिकाले राजश्व लिनेछ ।माथि उल्लेखित परिणामको आधारमा नगरपालिकालेकानुन बमोजिम प्राप्त गर्ने राजश्वको आंकलन गरिनेछ।

तालिका १.५ : उत्खनन्/संकलन गरिने परिमाणको आंकलन तथा विवरण

५. **प्रस्तावकको नाम** :चौदण्डीगढी निर्माण कम्पनी प्रा. लि.

| क्र.स | वडा नंम्बर | जग्गाधनीको नाम | निवेदन दर्ता कोड नंम्बर | IEE गरिने जमिनको क्षेत्रफल | ज.रो/ ज.बि | IEE गरिने जमिनको क्षेत्रफल (मि$^2$) | उत्खनन् गरिने जमिनकाक्षेत्रफल – कुल जमिनको ८0%(मि$^2$) | औसत गहिराई (मि) | मौजुदा परिमाण/वर्ष (घ.मि.) | उत्खनन/सङ्कलन आयतन – कुल आयतनको २५% (घ.मि.) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १<br>२ | १<br>१ | भोज राज राई<br>कमल मान राई | AB ०२२८<br>AB ०२१० | १०-०-०-०<br>८-०-०-० | (ज.रो.)<br>(ज.रो.) | ५०८७.२०<br>४०६९.७६ | ४०६९.७६<br>३२५५.८१ | १.४०<br>१.४० | ५६९७.६६<br>४५५८.१३ | १४२४.४२<br>११३९.५३ |
| निर्माण सामाग्रीहरुको उत्खनन् गर्न सकिने वार्षिक परिमाण( क्यू.मि.) | | | | | | | | | | २५६३.९५ |
| जम्मा उत्खनन् सिफारिस गरिएको ढुंगाको परिणाम ( क्यू.मि. ) | | | | | | | | | | २५६३.९५ |
| जम्मा उत्खनन् सिफारिस गरिएको ग्राभेलको परिणाम ( क्यू.मि. ) | | | | | | | | | | - |
| जम्मा उत्खनन् सिफारिस गरिएको बालुवाको परिणाम ( क्यू.मि. ) | | | | | | | | | | - |
| दैनिक उत्खनन् गर्न सकिने परिमाण ( वार्षिक परिमाण / २७५ दिन ) | | | | | | | | | | ९.३२ |
| निर्माण सामाग्रीहरुको उत्खनन् गर्न सकिने वार्षिक परिमाण( क्यू.फि.) | | | | | | | | | | ९०५४५.०० |

| क्र.स | वडा नंम्बर | जग्गाधनीको नाम | निवेदन दर्ता कोड नंम्बर | जम्मा उत्खनन/सङ्कलन गरी राजश्व लाग्ने कुल आयतन ( घ.मि. ) | उत्खनन हुने निर्माण सामाग्री | उत्खनन/सङ्कलन आयतन ( खण्ड क ) | उत्खनन/सङ्कलन आयतन ( खण्ड ख ) | उत्खनन/सङ्कलन आयतन ( खण्ड ग ) |
|---|---|---|---|---|---|---|---|---|
| १<br>२ | १<br>१ | भोज राज राई<br>कमल मान राई | AB ०२२८<br>AB ०२१० | २५६३.९५ | ढुंगा<br>ढुंगा | ८५४.६५ | ८५४.६५ | ८५४.६५ |

प्रस्तावित क्षेत्रमा विस्तृत अध्ययन गर्दा माथि उल्लेखित स्थानहरुबाट उत्खनन् गर्न सकिने वार्षिक परिमाण २५६३.९५ घनमिटर रहेको छ भने दैनिक उत्खनन् गर्न सकिने परिमाण ९.३२ घनमिटर रहेको छ ।

२.७. उत्खनन् /संकलन गरिने परिमाणको प्राप्त हुने राजश्व

प्रस्तावित स्थानहरुबाट उत्खनन् गर्न सकिने वार्षिक परिमाण २५६३.९५ घनमिटर ढुङ्गाकोचौदण्डीगढी नगरपालिकाले राजश्व लिनेछ ।माथि उल्लेखित परिणामको आधारमा नगरपालिकालेकानुन बमोजिम प्राप्त गर्ने राजश्वको आंकलन गरिनेछ।

तालिका १.६ : उत्खनन्/संकलन गरिने परिमाणको आंकलन तथा विवरण

६. **प्रस्तावकको नाम** :डिहिवार बिल्डर्स प्रा. लि.

| क्र.स | वडा नंम्बर | जग्गाधनीको नाम | कित्ता नंम्बर | IEE गरिने जमिनको क्षेत्रफल | ज.रो/ ज.बि | IEE गरिने जमिनको क्षेत्रफल (मि$^2$) | उत्खनन् गरिने जमिनकोक्षेत्रफल – कुल जमिनको ८० %(मि$^2$) | औसत गहिराई (मि) | मौजुदा परिमाण/वर्ष (घ.मि.) | उत्खनन/सङ्कलन आयतन – कुल आयतनको २०% (घ.मि.) |
|---|---|---|---|---|---|---|---|---|---|---|

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १<br>२ | ८<br>८ | सुर्य बहादुर राई<br>सुर्य बहादुर राई | ७/ग ७<br>७/ग १२ | ८-१४-३-१<br>३-१५-१-२ | (ज.रो.)<br>(ज.रो.) | ४५४०.८०<br>२०१५.०९ | ३६३२.६४<br>१६१२.०७ | १.२५<br>१.२५ | ४५४०.८०<br>२०१५.०९ | ९०८.१६<br>४०३.०२ |
| निर्माण सामाग्रीहरुको उत्खनन् गर्न सकिने वार्षिक परिमाण( क्यू.मि.) | | | | | | | | | | १३११.१८ |
| जम्मा उत्खनन् सिफारिस गरिएको ढुंगाको परिणाम ( क्यू.मि. ) | | | | | | | | | | १३११.१८ |
| जम्मा उत्खनन् सिफारिस गरिएको ग्राभेलको परिणाम ( क्यू.मि. ) | | | | | | | | | | - |
| जम्मा उत्खनन् सिफारिस गरिएको बालुवाको परिणाम ( क्यू.मि. ) | | | | | | | | | | - |
| दैनिक उत्खनन् गर्न सकिने परिमाण ( वार्षिक परिमाण / २७५ दिन ) | | | | | | | | | | ४.७७ |
| निर्माण सामाग्रीहरुको उत्खनन् गर्न सकिने वार्षिक परिमाण( क्यू.फि.) | | | | | | | | | | ४६३०३.८१ |

| क्र.स | वडा नंम्बर | जग्गाधनीको नाम | कित्ता नंम्बर | जम्मा उत्खनन्/सङ्कलन गरी राजश्व लाग्ने कुल आयतन ( घ.मि. ) | उत्खनन हुने निर्माण सामाग्री | उत्खनन्/सङ्कलन आयतन ( खण्ड क ) | उत्खनन्/सङ्कलन आयतन ( खण्ड ख ) | उत्खनन्/सङ्कलन आयतन ( खण्ड ग ) |
|---|---|---|---|---|---|---|---|---|
| १<br>२ | ८<br>८ | सुर्य बहादुर राई<br>सुर्य बहादुर राई | ७/ग ७<br>७/ग १२ | १३११.१८ | ढुंगा | ४३७.०६ | ४३७.०६ | ४३७.०६ |

प्रस्तावित क्षेत्रमा विस्तृत अध्ययन गर्दा माथि उल्लेखित स्थानहरुबाट उत्खनन् गर्न सकिने वार्षिक परिमाण १३११.१८ घनमिटर रहेको छ भने दैनिक उत्खनन् गर्न सकिने परिमाण ४.७७ घनमिटर रहेको छ ।

२.७. उत्खनन् /संकलन गरिने परिमाणको प्राप्त हुने राजश्व

प्रस्तावित स्थानहरुबाट उत्खनन् गर्न सकिने वार्षिक परिमाण १३११.१८ घनमिटर ढुंगाकोचौदण्डीगढी नगरपालिकाले राजश्व लिनेछ ।माथि उल्लेखित परिणामको आधारमा नगरपालिकालेकानुन बमोजिम  प्राप्त गर्ने राजश्वको आंकलन गरिनेछ।

तालिका २.२ : उत्खनन्/संकलन गरिने परिमाणको आंकलन तथा विवरण

७.   प्रस्तावकको नाम :बाहिङ्ग कन्स्ट्रकसन प्रा.लि.

| क्र.स | वडा नंम्बर | जग्गाधनीको नाम | निस्सा नंम्बर | IEE गरिने जमिनको क्षेत्रफल | ज.रो/ ज.बि | उत्खनन् गरिने जमिनकोक्षेत्रफल – कुल जमिनको ८0%(मि²) | औसत गहिराई ( मि ) | मौजुदा परिमाण/वर्ष ( घ.मि.) | उत्खनन हुने निर्माण सामाग्री | उत्खनन्/सङ्कलन आयतन – कुल आयतनको २०% ( घ.मि. ) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २ | सिता नेपाल | AB ४१८०६४ | ०-१०-१० | ज.बि. | २८४४.४८ | १.१० | ३१२८.९३ | ढुंगा | ६२५.७९ |
| २ | २ | मन बहादुर राई | AB ०८७१३१ | ०-१०-० | ज.बि. | २७०९.०४ | १.१० | २९७९.९४ | ढुंगा | ५९५.९९ |
| ३ | २ | लक्ष्मण बस्नेत | ऐलानी | ०-३-० | ज.बि. | ८१२.७१ | १.१० | ८९३.९८ | ढुंगा | १७८.८० |
| ४ | २ | डिक बहादुर तामांग | ऐलानी | ०-२-० | ज.बि. | ५४१.८१ | १.१० | ५९५.९९ | ढुंगा | ११९.२० |
| निर्माण सामाग्रीहरुको उत्खनन् गर्न सकिने वार्षिक परिमाण( क्यू.मि.) | | | | | | | | | | १५१९.७७ |
| जम्मा उत्खनन् सिफारिस गरिएको ढुंगाको परिणाम ( क्यू.मि. ) | | | | | | | | | | १५१९.७७ |
| जम्मा उत्खनन् सिफारिस गरिएको ग्राभेलको परिणाम ( क्यू.मि. ) | | | | | | | | | | - |
| जम्मा उत्खनन् सिफारिस गरिएको बालुवाको परिणाम ( क्यू.मि. ) | | | | | | | | | | - |
| दैनिक उत्खनन् गर्न सकिने परिमाण ( वार्षिक परिमाण / २७५ दिन ) | | | | | | | | | | ५.५३ |
| निर्माण सामाग्रीहरुको उत्खनन् गर्न सकिने वार्षिक परिमाण( क्यू.फि.) | | | | | | | | | | ५३६७०.१३ |

प्रस्तावित क्षेत्रमा विस्तृत अध्ययन गर्दा माथि उल्लेखित स्थानहरुबाट उत्खनन् गर्न सकिने वार्षिक परिमाण १५१९.७७ घनमिटर रहेको छ भने दैनिक उत्खनन् गर्न सकिने परिमाण ५.५३ घनमिटर रहेको छ ।

२.७उत्खनन् /संकलन गरिने परिमाणको प्राप्त हुने राजश्व

प्रस्तावित स्थानहरुबाट उत्खनन् गर्न सकिने वार्षिक परिमाण १५१९.७७ घनमिटर ढुङ्गाकोचौदण्डीगढी नगरपालिकाले राजश्व लिनेछ ।माथि उल्लेखित परिणामको आधारमा नगरपालिकालेकानुन बमोजिम  प्राप्त गर्ने राजश्वको आंकलन गरिनेछ।



CamScanner

तालिका २.२ : उत्खनन्/संकलन गरिने परिमाणको आंकलन तथा विवरण

८. मनन कन्स्ट्रकसन प्रा. लि.

| क्र.स | वडा नंम्बर | जग्गाधनीको नाम | कित्ता नंम्बर/ निस्सा नंम्बर | IEE गरिने जमिनको क्षेत्रफल | ज.रो/ ज.बि | उत्खनन् गरिने जमिनकोक्षेत्रफल – कुल जमिनको ९५%(मि²) | औसत गहिराई (मि) | मौजुदा परिमाण/वर्ष (घ.मि.) | उत्खनन हुने निर्माण सामाग्री | उत्खनन/सङ्कलन आयतन – कुल आयतनको ९०% (घ.मि.) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ४ | आस्तुन्मा राई | २/ख १२६ | ०-२-० | ज.बि. | ६४३.४० | १.५० | ९६५.१० | ग्राभेल | ८६८.५९ |
| निर्माण सामाग्रीहरुको उत्खनन् गर्न सकिने वार्षिक परिमाण( क्यू.मि.) | | | | | | | | | | ८६८.५९ |
| जम्मा उत्खनन् सिफारिस गरिएको ढुंगाको परिमाण ( क्यू.मि. ) | | | | | | | | | | - |
| जम्मा उत्खनन् सिफारिस गरिएको ग्राभेलको परिमाण ( क्यू.मि. ) | | | | | | | | | | ८६८.५९ |
| जम्मा उत्खनन् सिफारिस गरिएको बालुवाको परिमाण ( क्यू.मि. ) | | | | | | | | | | - |
| दैनिक उत्खनन् गर्न सकिने परिमाण ( वार्षिक परिमाण / २७५ दिन ) | | | | | | | | | | ३.१६ |
| निर्माण सामाग्रीहरुको उत्खनन् गर्न सकिने वार्षिक परिमाण( क्यू.फि.) | | | | | | | | | | ३०६७३.८२ |

प्रस्तावित क्षेत्रमा विस्तृत अध्ययन गर्दा माथि उल्लेखित स्थानहरुबाट उत्खनन् गर्न सकिने वार्षिक परिमाण ८६८.५९ घनमिटर रहेको छ भने दैनिक उत्खनन् गर्न सकिने परिमाण ३.१६ घनमिटर रहेको छ ।

२.७उत्खनन् /संकलन गरिने परिमाणको प्राप्त हुने राजश्व

प्रस्तावित स्थानहरुबाट उत्खनन् गर्न सकिने वार्षिक परिमाण ८६८.५९ घनमिटर ग्राभेलकोचौदण्डीगढी नगरपालिकाले राजश्व लिनेछ ।माथि उल्लेखित परिणामको आधारमा नगरपालिकालेकानुन बमोजिम प्राप्त गर्ने राजश्वको आंकलन गरिनेछ।

तालिका २.२ : उत्खनन्/संकलन गरिने परिमाणको आंकलन तथा विवरण

९. प्रस्तावकको नाम :मनन कन्स्ट्रकसन प्रा. लि.

| क्र.स | वडा नंम्बर | जग्गाधनीको नाम | कित्ता नंम्बर/ निस्सा नंम्बर | IEE गरिने जमिनको क्षेत्रफल | ज.रो/ ज.बि | उत्खनन् गरिने जमिनकोक्षेत्रफल – कुल जमिनको ७0%(मि²) | औसत गहिराई (मि) | मौजुदा परिमाण/वर्ष (घ.मि.) | उत्खनन हुने निर्माण सामाग्री | उत्खनन/सङ्कलन आयतन – कल आयतन को ४०% (घ.मि.) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १<br>२ | ४<br>४ | रुद्र बहादुर<br>राउत राम माया राई | २/ख २०<br>२/ख १२ | ०.५६४५-०-०<br>०-१३-९ | ज.बि.<br>ज.बि. | २६७६.२०<br>३१८८.१९ | १.४०<br>१.४० | ३७४६.६९<br>४४६३.४७ | ग्राभेल<br>ग्राभेल | १४९८.६७<br>१७८५.३९ |
| निर्माण सामाग्रीहरुको उत्खनन् गर्न सकिने वार्षिक परिमाण( क्यू.मि.) | | | | | | | | | | ३२८४.०६ |
| जम्मा उत्खनन् सिफारिस गरिएको ढुंगाको परिमाण ( क्यू.मि. ) | | | | | | | | | | - |
| जम्मा उत्खनन् सिफारिस गरिएको ग्राभेलको परिमाण ( क्यू.मि. ) | | | | | | | | | | ३२८४.०६ |
| जम्मा उत्खनन् सिफारिस गरिएको बालुवाको परिमाण ( क्यू.मि. ) | | | | | | | | | | - |
| दैनिक उत्खनन् गर्न सकिने परिमाण ( वार्षिक परिमाण / २७५ दिन ) | | | | | | | | | | ११.९४ |
| निर्माण सामाग्रीहरुको उत्खनन् गर्न सकिने वार्षिक परिमाण( क्यू.फि.) | | | | | | | | | | ११५९७५.५६ |

प्रस्तावित क्षेत्रमा विस्तृत अध्ययन गर्दा माथि उल्लेखित स्थानहरुबाट उत्खनन् गर्न सकिने वार्षिक परिमाण ३२८४.०६ घनमिटर रहेको छ भने दैनिक उत्खनन् गर्न सकिने परिमाण ११.९४ घनमिटर रहेको छ ।

२.७उत्खनन् /संकलन गरिने परिमाणको प्राप्त हुने राजश्व

प्रस्तावित स्थानहरुबाट उत्खनन् गर्न सकिने वार्षिक परिमाण ३२८४.०६ घनमिटर ग्राभेलकोचौदण्डीगढी नगरपालिकाले राजश्व लिनेछ ।माथि उल्लेखित परिणामको आधारमा नगरपालिकालेकानुन बमोजिम प्राप्त गर्ने राजश्वको आंकलन गरिनेछ।



CamScanner

१०) मासुका लागि पाडा प्रबर्द्धन कार्यक्रम सम्बन्धमा ।

यस चौदण्डीगढी नगरपालिका चालु आ. व. २०८१/०८२ मा नेपाल सरकारको शसर्त अनुदान कार्यक्रम अन्तर्गत मासुका लागि पाडा प्रवर्द्धन कार्यक्रमको निमित्त रु. ८ लाख अनुदान रकम आएको र यस नगरपालिकाबाट मिति २०८१।०८।१६ गते मासुका लागि पाडा प्रवर्द्धन कार्यक्रम को लागि आबेदन माग गरी यस नगरपालिकाबाट गठन गरिएको पशुपन्छी तथा मत्स्य विकास सम्बन्धी शसर्त कार्यक्रम सञ्चालन गर्न गठित कार्यदलको प्रतिबेदन अनुसार १० वटा समुह/ फर्मबाट आबेदन यस नगरपालिकामा पेश गरेकोमा उक्त समुह/ फर्मको स्थलगत निरिक्षण गरी तयार गरेको प्रतिबेदन अनुसार तपशिल बमोजिमका फर्मलाई उत्कृष्ट पशुपालन व्यबसायीक फार्म छनौट गरी सिफारिस गरेको हुँदा पशुपंक्षी तथा मत्स्य विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधी २०८१ बमोजिम मासुका लागि पाडा प्रबर्द्धन कार्यक्रम तपशिलका फर्ममा कार्यान्वियन गर्ने सर्वसम्मत निर्णय गरियो।

तपशिलः

| क्र. सं. | समुह/ फर्मको नाम ठेगाना | निर्णय रकम | कैफियत |
|---|---|---|---|
| १ | नइन्द्र वि. क चौ. न. पा.-३ | २,००,०००।- | |
| २ | जनक बहादुर विष्ट चौ. न. पा. -४ | ३,००,०००।- | |
| ३ | लक्ष्मी विष्ट चौ. न. पा. -२ | ३,००,०००।- | |

११) सिप विकास तालिम तथा न्युनतम रोजगारीमा संलग्न गराउने सम्बन्धमा ।

चौदण्डीगढी नगरपालिका, रोजगार सेवा केन्द,प्रधानमन्त्री रोजगार कार्यक्रम अर्न्तगत चालु आ. व. ०८१/०८२का लागि प्रधानमन्त्री रोजगार कार्यक्रम र युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजनाको बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी मार्ग दर्शन बमोजिम चौदण्डीगढी नगरपालिका प्रधानमन्त्री रोजगार कार्यक्रम स्थानिय निर्देशक समितीको मिति२०८१/०९/०९ गतेको वैठकले तपशीलका वडामा सुचिकृत भएका वेरोजगार व्यक्तिहरु मध्ये ४० जनालाई कार्यस्थलमा आधारित सीपविकास तालिम सँग सँगै रोजगार तथा ३० जनालाई सामुदायिक आयोजनाहरु सञ्चालन गरी प्रत्यक्ष १०० दिनको न्यूनत्तम रोजगारीमा संलग्न गराउने निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**तपशील**

| वडा नं. | सुचिकृत बेरोजगार संख्या | श्रमिक संख्या बाडफाड(बेरोजगार संख्याको आधारमा) | बजेट स्रोत रोजगारी सृजना | कैफियत |
|---|---|---|---|---|
| २ | ६१ | ७ | आइ.डि.ए. | कार्यस्यलमाआधारित सीपविकास तयाजीवनउपयोगी सीपतालिम ५० दिन साथै श्रममूलकआयोजनाहरुमा संलग्न गराई ५० दिन रोजगारउपलब्ध गराउने । |
| ३ | २८ | ४ | आइ.डि.ए. | |
| ४ | ६९ | ८ | आइ.डि.ए. | |
| ५ | ५८ | ७ | आइ.डि.ए. | |
| ६ | ३३ | ४ | आइ.डि.ए. | |
| ७ | ८७ | १० | आइ.डि.ए. | |
| जम्मा | ३३६ | ४० | आइ.डि.ए. | बजेट रु २६,७२,०००।०० |
| १ | ३८ | ५ | नेपाल सरकार | श्रममूलक रोजगार आयोजना सञ्चालन गरी प्रत्यक्ष १०० दिनको न्यूनतम रोजगारीमा संलग्न गराउने । |
| ८ | १३९ | ११ | नेपाल सरकार | |
| ९ | ४१ | ५ | नेपाल सरकार | |
| १० | ९७ | ९ | नेपाल सरकार | |
| जम्मा | ३१५ | ३० | नेपाल सरकार | बजेट रु २०,२२,०००।०० |
| कूल | ६५१ | ७० | | कूल बजेट : ४६,९४,०००।०० |

१२) परिक्षा सम्बन्धी कार्यविधि स्वीकृत सम्बन्धमा ।

चौदण्डीगढी नगरपालिकाको लागि आवश्यक तपशिलको कार्यविधि स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।

-आधारभुत शिक्षा उतिर्ण परिक्षा सञ्चालन, अनुगमन तथा व्यबस्थापन कार्यविधि-२०८१

१३) विविध

क) चौ. न. पा. २ चित्रे चप्लेटी देवीस्थान खानेपानी मर्मत तथा सरसफाई समितिको माग सम्बन्धमा ।

चौ. न. पा. २ चित्रे चप्लेटी देवीस्थान खानेपानी मर्मत तथा सरसफाई समितिले २० mm को ३७५ मिटर पाईप खानेपानी व्यबस्थापन गर्न अति आवश्यक रहेकोले खानेपानी पाइप माग गरेको हुँदा खानेपानी पाईप उपलब्ध गराउन अति आवश्यक बुझिएकोले उक्त कार्य गर्नको लागि नगरपालिकाबाट विनियोजित बजेट शिर्षक **मर्मत संभार तथा भैपरी** बाट रु. १५०००।- (पन्ध्र हजार) उपलब्ध गराउने निर्णय सर्वसम्मत गरियो।

ख) हडिया स्वास्थ्य शिविर सञ्चालन खर्च भुक्तानी सम्बन्धमा ।

चौदण्डीगढी नगरपालिका ९ नं. वडा कार्यालय र गाईघाट सिटी अस्पतालको समन्वयमा हडिया स्वास्थ्य चौकीमा मिति २०८१।९।२० गते स्वास्थ्य शिविर भएकोमा उक्त स्वास्थ्य शिविरमा उपस्थित डाक्टर, स्वास्थ्यकर्मीहरू, सहयोगीहरुलाई खाना, खाजा व्यबस्थापन गरे बापतको रकम भुक्तानी पाउन हडिया स्वास्थ्य चौकी ९ नं वडा कार्यालयबाट माग भएको र उक्त स्वास्थ्य शिविरमा हडिया स्वास्थ्य चौकीले खानाखाजा व्यबस्थापन गरेको हुँदा नगरपालिकाबाट विनियोजित बजेट शिर्षक **विविध** बाट रु. ४५०००।- (पैतालिस हजार) उपलब्ध गराउने निर्णय सर्वसम्मत गरियो।

ग) शान्तिनगर फुटसल एण्ड स्पोर्ट्स सेन्टर शान्तिनगरको माग सम्बन्धमा ।

शान्तिनगर फुटसल एण्ड स्पोर्ट्स सेन्टर, शान्तिनगर काठमाण्डौले मिति २०८१।०९।१९ गते देखि फुटसल प्रतियोगिता हुने भएको र आर्थिक सहायता माग गरेको हुँदा उक्त फुटसल प्रतियोगिताको लागि नगरपालिकाबाट विनियोजित बजेट शिर्षक **कार्यक्रम खर्च** बाट रु. २५०००।– (पच्चिस हजार) उपलब्ध गराउने निर्णय सर्वसम्मत गरियो।



CamScanner

घ) आर्थिक सहायता सम्बन्धमा ।

चौदण्डीगढी नगरपालिका अन्तर्गत विभिन्न वडामा बस्ने बिपन्न नागरिकहरुले खाध्यान्न सामाग्री माग गरे अनुरुप यस नगरपालिका उप- प्रमुख ज्युले आवश्यकता र परिस्थिती अनुसार तपशिलका व्यक्तीहरुलाई खाध्य सामागी र लताकपडा उपलब्ध गराउनु भएको हुँदा उक्त सामाग्री उपलब्ध गराएको सामानको भुक्तानी कार्यक्रम खर्चबाट तपशिल बमोजिम गर्ने निर्णय गरियो ।

| क्र. सं. | आर्थिक सहायता लिनेको नाम, ठेगाना | निर्णय रकम | कैफियत |
|---|---|---|---|
| १ | हल्दार राई, चौ. न. पा. -९ | ७७१५।- | खाध्यान्न सामाग्री |
| २ | बिमला मग्रराती, चौ. न. पा. -१० | ५५७०।- | खाध्यान्न सामाग्री |

ङ) सुर्योदय प्रतिष्ठान नेपालको माग सम्बन्धमा ।

चौदण्डीगढी नगरपालिका ९ नं वडा कार्यालयको सिफारीसमा चौ. न. पा. -९ नं. वडा ज्यामिरे निवासी हरि कुमार ढकाललाई सुर्योदय प्रतिष्ठान नेपाल बेलका -४ उदयपुर सुधार केन्द्रमा उपचारको लागि मिति २०८१।०३।१४ गते देखि राखेकोले उपचारको भर्ना शुल्क र मासिक शुल्क ६ महिनाको यस नगरपालिकामा भुक्तानीको लागि माग गरेको हुँदा नगरपालिकाबाट विनियोजित बजेट शिर्षक **कार्यक्रम खर्च** बाट रु. ५००००।- ( पचास हजार) मात्र उपलब्ध गराउने र उक्त कार्य चौ. न. पा. -९ नं वडा कार्यालयले सुर्योदय प्रतिष्ठान नेपाल बेलका -४ सँग समन्वय गरी निज हरी कुमार ढकाललाई उक्त सुधार केन्द्रबाट निकाली निजलाई व्यबस्थापन गर्ने निर्णय सर्वसम्मत गरियो ।

च) चौ. न. पा. वडा नं. ५ मा झोलुङ्गे पुल माग सम्बन्धमा ।

यस नगरपालिका अन्तर्गत चौ. न. पा. वडा नं. ५ त्रियुगा नदीमा बनी सकेको पक्की पुल सञ्चालनमा नआउँदै भासिएर काम नलाग्ने अबस्थामा रहेको छ । बर्षाको समयमा त्रियुगा नदी निकै ठुलो हुने र ५ नं वडाबाट नगरपालिकाका अन्य ७ वडा वडामा जान आउन मधेश प्रदेशको फत्तेपुर बजार पुगेर करिव ३० किलोमिटर बाटो घुम्नु पर्ने साथै उक्त फत्तेपुर बजार जाने बाटोमा पनि धेरै खहरे खोला रहेका छन् । बर्षाद समयमा विरामीहरु अस्पताल पुग्न नसक्ने अबस्था रहेको तथा आपतकालिन अबस्थामा छिटो छरितो उद्दार गर्न नसक्ने अबस्था रहेको छ । उक्त नदीमा झोलुङ्गे पुल बनेमा वडा र नगरपालिका केन्द्र विच दुरी ५-७ किलोमिटर मात्र रहने भएकोले नगरपालिकाका अन्य वडा र ५ नं. वडा बीचको सामिप्यता बढाउन र समयमै उपचार दिलाई नागरिकको ज्यान बचाउन त्रियुगा नदीमा तपसिलका स्थानमा झोलुङ्गे पुल निर्माण गर्न अति आवश्यक भएकोले नेपाल सरकार भौतिक पुर्बाधार तथा यातायात मन्त्रालय सिंहदरबामा झोलुङ्गे पुल आयोजना माग गर्ने सर्वसम्मतबाट निर्णय गरियो।

- त्रियुगा नदीमा सुन्दरपुर-ढेलाचौरी जोड्ने झोलुङ्गे पुल चौ. न. पा.-५

CamScanner

छ) सवै वडामा सडक स्तरोन्नती ( मेसिन उपकरण खरिद तथा भाडा, इन्धन तथा अन्य) रकम सम्बन्धमा ।

यस नगरपालिकाबाट चालु आ.व. २०८१/०८२ मा **सबै वडामा सडक स्तरोन्नती ( मेसिन उपकरण खरिद तथा भाडा, इन्धन तथा अन्य)** शिर्षकमा रु १ करोड रकम विनियोजन भएको र यस नगरपालिकाको पहाडी क्षेत्रमा पर्ने ८ नं. वडा र १ नं वडा मा बर्षा समयमा बाटो पहिरो गईरहने र बाटो सुचारु गर्न जे सी वी लगायत अन्य माटो बोक्ने गाडीहरु भाडामा लिनुपर्ने साथै अन्य वडाहरुमा पनि बाटोमा विगत बर्ष देखि गिट्टी हाल्दै आएता पनि बाटो पेल्ने रोलर अभावमा बर्षा समयमा माटो गिट्टी बगाएर लाने समस्या रहेको हुँदा उक्त रकमबाट तपशिल बमोजिमका सडक बनाउने यातायातका साधान खरिद गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपशिलः

१) जे सी वी Back Hoe Loader - १ वटा

२) रोलर - १ वटा

३) टिपर – १ वटा

ज) डम्पिङ साईट निर्माण सम्बन्धमा ।

चौदण्डीगढी नगरपालिकाबाट चालु आ. व. २०८१/०८२ मा विनियोजित बजेट शिर्षक **डम्पिङ साईट निर्माण** मा रु. १५०००००।– (पन्ध्र लाख ) विनियोजन भएको र उक्त रकम मध्येबाट यस नगरपालिका अन्तर्गत चौ. न. पा. ६ र ७ नं. वडामा डम्पिङ साईट निर्माण गर्न तपशिल बमोजिम रकम बाँडफाँट गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपशिलः

१) डम्पिङ साईट निर्माण वडा नं. ६ –रु. ९,००,०००।–

२) डम्पिङ साईट निर्माण वडा नं. ७ –रु. ६,००,०००।–

झ) बजार व्यबस्थापन सम्बन्धमा ।

चौदण्डीगढी नगरपालिकाबाट चालु आ. व. २०८१/०८२ मा बजेट शिर्षक **बजार व्यबस्थापन** मा रु. २७,००,०००।– (सत्ताइस लाख ) विनियोजित भएको र उक्त रकम मध्येबाट यस नगरपालिका अन्तर्गत चौ. न. पा.३ नं. वडा, ६ नं. वडा र ७ नं. वडामा बजार व्यबस्थापन गर्न तपशिल बमोजिम कार्य गर्ने निर्णय सर्वसम्मत गरियो ।

तपशिलः

१) भोर्लेनी बजार व्यबस्थापन वडा नं. ३ –रु. ३,५०,०००।–

२) शनिबारे बजार व्यबस्थापन वडा नं. ४ –रु. ७,००,०००।–

३) बेल्टार पुष्पलाल चोक बजार व्यबस्थापन वडा नं. ६ –रु. १०,००,०००।–

CamScanner

ञ) चौ. न. पा. -१ बन्ठुवामा खानेपानी व्यब्स्थापन सम्बन्धमा।

चौ. न. पा. १ बन्ठुवा निवासी तारानाथ कटुवालले उक्त स्थानमा खानेपानी व्यबस्थापन गर्न २५ mm को ४०० मिटर पाईप आवश्यक परेको भनी १ नं. वडा कार्यालय समेतको सिफारिस भई आएको हुँदा उक्त स्थानमा खानेपानी व्यबस्थापन गर्न प्राविधिक मुल्याङ्कन बमोजिम बढीमा २ बण्डल पाईप उपलब्ध गराउने र उक्त कार्यको भुक्तानी नगरपालिकाको विनियोजित बजेट शिर्षक **मर्मत संभार तथा भैपरी** बाट रु. **२४०००।- उपलब्ध गराउने निर्णय गरियो।**

ट) जितिया पर्व सम्बन्धमा।

चौदण्डीगढी नगरपालिका ९ नं वडा का थारु समुदायका महिलाहरुले मिति २०८१।०६।०९ गते जितिया पर्व विभिन्न सांस्कृतीक कार्यक्रम गरी मनाएको हुँदा उक्त जितिया पर्व मनाउँदा खर्च भएको रकम उपलब्ध गराउन ९ नं. वडा कार्यालयबाट सिफारिस समेत भई आएको हुँदा यस नगरपालिकामा विनियोजित बजेट शिर्षक **जातिय चाडपर्व धर्म संस्कृती संरक्षण कार्यक्रम** बाट रु. २००००।- (विस हजार) उपलब्ध गराउने निर्णय सर्वसम्मत गरियो।

ठ) पालो पहरामा खटिएका कर्मचारीलाई खाजा खर्च उपलब्ध गराउने सम्बन्धमा।

यस नगरपालिकामा कार्यरत नगर प्रहरीहरु २०८१ सालको बडा दशै तथा तिहारमा विदाको समयमा कार्यालयको पालो पहरामा खटिएका नगर प्रहरीहरुले भत्ता उपलब्ध गराउन निबेदन पेश गरेको माग निबेदन बमोजिम ०८१ सालको बडादशै र तिहार बिदाको दिनमा यस नगरपालिका कार्यालय, सार्वजनिक स्थल तथा बजारमा सुरक्षाका लागि पालो पहरामा खटिनु भएका नगर प्रहरीहरुलाई दैनिक रुपमा रु ५००।– को दरले बढीमा जम्मा रु. ३४०००।- भत्ता उपलब्ध गराउने र उक्त खर्च भुक्तानी नगरपालिकाको विनियोजित बजेट शिर्षक **अन्य भत्ता** बाट गर्ने निर्णय गरियो।

ड) कर्मचारीहरुको तह बृद्दी सम्बन्धमा।

कोशी प्रदेशको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा २७ को उपदफा १ बमोजिम तह वृद्धिका लागि मिति २०८१/०८/२७ गते प्रकाशित सूचना अनुसार दर्ता भएका तपसिलका कर्मचारीहरुको यस नगरपालिकाको मिति २०८१/०९/२९ गतेको निर्णयानुसार मिति २०८१/१०/०१ गते देखि जेष्ठता कायम हुने गरीएको तह वृद्धि अनुमोदन गर्ने निर्णय गरियो।

CamScanner

तपशिलः

| क.सं. | कर्मचारीको नाम थर | साविकको सेवा/समूह/उपसमूह | साविकको पद/तह | तह वृद्धि भएको सेवा/समूह/उपसमूह | तह वृद्धि भएको पद/तह |
|---|---|---|---|---|---|
| १ | श्री महेश राना मगर | प्रशासन/लेखा | लेखा अधिकृत सातौं | प्रशासन/लेखा | लेखा अधिकृत आठौं |
| २ | श्री भोजराज अधिकारी | प्रशासन/सा.प्र. | सहायक पाँचौ | प्रशासन/सा.प्र. | अधिकृत छैठौं |
| ३ | श्री राम मोहन बस्नेत | प्रशासन/सा.प्र. | सहायक पाँचौ | प्रशासन/सा.प्र. | अधिकृत छैठौं |
| ४ | श्री दुर्गा प्रसाद आचार्य | प्रशासन/लेखा | आ.ले.प. पाँचौ | प्रशासन/लेखा | आ.ले.प. अधिकृत छैठौं |
| ५ | श्री सन्ध्या चौधरी | स्वास्थ्य/क.न./प.हे.न. | सि.अ.न.मी. पाँचौ | स्वास्थ्य/क.न./प.हे.न. | सि.अ.न.मी. निरीक्षक/ अधिकृत छैठौं |
| ६ | श्री बेमसरी राई | स्वास्थ्य/क.न./प.हे.न. | सि अ.न.मी. पाँचौ | स्वास्थ्य/क.न./प.हे.न. | सि.अ.न.मी. निरीक्षक/ अधिकृत छैठौं |
| ७ | श्री चिरण राई | स्वास्थ्य/क.न./प.हे.न. | सि.अ.न.मी. पाँचौ | स्वास्थ्य/क.न./प.हे.न. | सि.अ.न.मी. निरीक्षक/ अधिकृत छैठौं |
| ८ | श्री कविता चौधरी | स्वास्थ्य/क.न./प.हे.न. | सि.अ.न.मी. पाँचौ | स्वास्थ्य/क.न./प.हे.न. | सि.अ.न.मी. निरीक्षक/ अधिकृत छैठौं |
| ९ | श्री सम्झना लामा | स्वास्थ्य/क.न./प.हे.न. | सि.अ.न.मी. पाँचौ | स्वास्थ्य/क.न./प.हे.न. | सि.अ.न.मी. निरीक्षक/ अधिकृत छैठौं |
| १० | श्री तेज नारायण चौधरी | स्वास्थ्य/मे.ल्या.टे. | व. ल्याव असिस्टेन्ट पाँचौ | स्वास्थ्य/मे.ल्या.टे. | ल्याव असिस्टेन्ट निरीक्षक/ अधिकृत छैठौं |
| ११ | श्री तारा देवी राई | स्वास्थ्य/क.न./प.हे.न. | सि.अ.न.मी. पाँचौ | स्वास्थ्य/क.न./प.हे.न. | सि.अ.न.मी. निरीक्षक/ अधिकृत छैठौं |

ढ) आँखा शिविर कार्यक्रम सम्बन्धमा।

यस नगरपालिका र तिलगंगा आँखा प्रतिष्ठान विच भएको समझदारी अनुसार हरेक बर्ष यस नगरपालिकामा आँखा शिविर गर्दै आएकोमा चालु आ. व. मा पनि आँखा शिविर कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो।

ण) बाटो मर्मत सम्बन्धमा।

चौ. न. पा ४ नं. वडा कार्यालयको सिफारिस सहित माग भई आएको चटपटे टोल स्थित मोहन प्रधानको घर देखि वीर काजी गोलेको घरसम्मको बाटो मर्मत यस नगरको **मर्मत संभार तथा भैपरी** शिर्षक अन्तर्गत रू. ३,५०,०००।– खर्च हुने गरी उक्त कार्य सञ्चालन गर्ने निर्णय गरियो।

त) नदी नियन्त्रण सम्बन्धमा।

चौ. न. पा ४ नं. वडा कार्यालयको सिफारिस सहित माग भई आएको चटपटे टोल स्थित देबेन्द्र ठटालको घर देखि धनकुमार गोलेको घरसम्म नदी नियन्त्रण कार्य यस नगरको **खोला क्षेत्रमा तटबन्ध बाँध निर्माण** शिर्षक अन्तर्गत रू. १०,००,०००।– खर्च हुने गरी उक्त कार्य सञ्चालन गर्ने निर्णय गरियो।

CamScanner